सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

माननीय न्यायाधीश डा. श्री कुमार चुडाल

<u>आदेश</u>

०७७-WO-१११६

मुद्दाः उत्प्रेषण।

निकेत अग्रवालसमेत---------------------------------------------------------------------------------- निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरवार काठमाडौंसमेत---------- विपक्षी

अन्तरिम आदेश जारी हुने वा नहुने सम्बन्धमा छलफल गर्न निवेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री सुभाष पाठक, श्री आवेश अधिकारी, श्री सागर पौडेल, श्री कृष्ण पाल र श्री रक्षा सिंह तथा विपक्षीतर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मीले गर्नु भएको बहस समेत सुनियो।

निषेधाज्ञाको समयमा सुरक्षाका मापदण्डको पालना गरी e-commerce संचालन गर्ने कार्यलाई रोक नलगाउनू, सूचारु गर्न दिनू भनी विपक्षीहरुका नाउँमा अन्तरिम आदेश जारी गरी पाउँ भन्ने मागको सम्बन्धमा विचार गर्दा, नेपालको संविधानको धारा १६ ले व्यक्तिले सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १८ ले समानताको हक, धारा ३५ ले स्वास्थ्यसम्बन्धी हक तथा धारा ४४ ले उपभोक्ताको हकको सुनिश्चिता गरेको पाइन्छ। हाल विश्व नै कोरोना भाइरसका विभिन्न भेरियन्टको महामारीको चपेटामा परेको र नेपाल समेत यसबाट प्रभावित भएको अवस्थामा यस महामारीको असर कम गर्न र यसबाट जोगिनका लागि विभिन्न उपायहरु अवलम्बन भएको सन्दर्भमा digitalization को माध्यमबाट सेवा प्रवाह एउटा महत्वपूर्ण माध्यम भएको देखिन्छ। संसारमा नै अहिले अनलाइन माध्यमबाट संचालित भई सामाजिक दुरी बढाई कोरोनाको थप संक्रमणको जोखिमता घटाउनु पर्ने एउटा रणनीतिक बाटोको रुपमा देखा परेको छ। यस्तो असामान्य अवस्थामा जोखिमतामा रहेको व्यक्ति वा संक्रमित व्यक्तिका परिवारको अत्यावश्यक वस्तुको पहुँचको सुनिश्चितताको लागि राज्य र निजी क्षेत्र समेत क्रियाशील हुन आवश्यक छ। देशमा कोभिडको दोस्रो लहरको

समयमा जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट जारी भएको आदेशहरुले तथा कोभिड-१९ को संकट व्यवस्थापन सम्बन्धमा व्यवस्थापन गर्न बनेको अध्यादेश २०७८।२।६ ले पनि अत्यावश्यक सेवा बाहेकको सेवालाई मात्र नियन्त्रित गरी बन्देज लगाएको देखिन्छ। यसै सम्बन्धमा गत वर्षको निषेध आदेशको समयमा अत्यावश्यक वस्तु तथा सेवा होम डेलिभरी गर्ने सम्बन्धी मापदण्ड २०७७ मा जारी भएको देखिन्छ । त्यसै गरी नेपाल सरकारले खाद्य व्यवस्था तथा व्यापार कम्पनी समेत मार्फत e commerce portal को माध्यमबाट अनलाईन अर्डर गर्ने सेवा उपलब्ध गराएको मिसिल संलग्न उक्त कम्पनीको मिति २०७८।२।२ को पत्रबाट देखिन्छ। यस्तो अवस्थामा बजारमा भिड-भाड कम गरी सकेसम्म नागरिलाई घर बाहिर जानु नपर्ने स्थिति सिर्जना गर्न e-commerce को माध्यमबाट तत्कालीन २०७७ मा जारी गरिएको मापदण्ड तथा उक्त मापदण्डको अनुसूची १ मा तोकिएको अत्यावश्यक वस्तुहरुमा उक्त मापदण्ड बमोजिमको स्वास्थ्य सुरक्षाको सम्पूर्ण उपायहरु (जस्तै सामाजिक दुरी, मास्क, स्यानिटाइजर, डिसइन्फेक्ट र पी पी ई लगायतका साधनको प्रयोग) को अवलम्वन गरी online माध्यमबाट खरिद, विक्री तथा होम डेलिभरीको e-commerce को सेवा प्रदान गर्ने कम्पनीहरुलाई प्रस्तुत मुद्दाको अन्तिम किनारा नभएसम्मको लागि सेवा प्रदान गर्ने काम रोक्ने कार्य नगर्नू, नगराउनू भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीहरुका नाउँमा अन्तरिम आदेश जारी गरिदिएको छ। यो आदेशको जानकारी विपक्षीहरुलाई दिई नियमानुसार पेश गर्नू।

न्यायाधीश

न्यायाधीश

इति सम्वत् २०७८ साल जेठ २४ गते रोज २ शुभम् ----------------------------